annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २८७ पृष्ठ ८ | काठमाडौं, बिहीबार ८ फागुन २०८१ | फाल्गुन कृष्णपक्ष अष्टमी, नेपाल संवत् ११४५ | THURSDAY, FEBRUARY 20, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



गोरखा जिल्लाको ठूलो दिप्लिङ गाउँ। ● शिव उप्रेती

कभर स्टोरी

## जनसंख्याभन्दा घरसंख्या बढी

### न बालबालिका छन्, न युवायुवती

सहिद लखन गाउँपालिका-१ सानो दिप्लिङबाट देखिन्छ- ठूलो दिप्लिङ। ठूलो दिप्लिङको पाखाभरि १ सय ६० भन्दा धेरै घरधुरी खचाखच देखिन्छन्। ठूलो दिप्लिङबाट हेर्दा सानो दिप्लिङतिर पनि उस्तै भरिभराउ गाउँ देख्न पाइन्छ। तर, गाउँ पुग्दा अवस्था फरक छ। न ठूलो दिप्लिङमा बालबालिका भेटिन्छन्, न सानो दिप्लिङमा। ससाना बालबालिका मात्र होइन, दुवै गाउँमा युवायुवती पनि देखिँदैनन्। छन् त केवल, ५५/६० कटेका पाका नागरिकमात्रै। त्यसैकारण बाहिरबाट हेर्दा गाउँ जति सुन्दर र भरिभराउ छन्, भित्री रूपमा त्यति नै रित्तो र सुनसान छन्।

शिव उप्रेती | *गोरखा*

- को रिपोर्ट

समाचार पृष्ठ २




बिहीबारको अनुमानित अधिकतम र न्यूनतम तापक्रम (सेल्सियसमा)

| | | |
|---|---|---|
| धनगढी | २३° | १२° |
| जुम्ला | १६° | -३° |
| पोखरा | २१° | १२° |
| भैरहवा | २६° | १२° |
| काठमाडौं | २१° | ७° |
| जनकपुर | २९° | १२° |
| विराटनगर | २८° | ११° |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग*

## ट्रम्पले भने-नेपाललाई संघीयताको नाममा गरिएको सहयोग ठगी हो

**सुरज भण्डारी** | *अमेरिका*

अमेरिकाले विभिन्न प्रयोजनका लागि विभिन्न देशलाई दिँदै आएको सहायतालाई आफ्नो दोस्रो कार्यकाल प्रारम्भ भएसँगै रोक्ने प्रक्रिया सुरु गरेका अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्पले गरिएको सहायता रकमको दुरुपयोग हुने गरेको तथ्यलाई प्राथमिकता दिएर आफ्ना धारणा सार्वजनिक गर्न थालेका छन्।

सहायता रकम रोक्ने सन्दर्भको आफ्नो निर्णय सही रहेको पुष्टि गराउन राष्ट्रपति ट्रम्प र उनको प्रशासनले विभिन्न मञ्चहरूमार्फत सहायता रकमको दुरुपयोगलाई बाहिर ल्याउन थालेका हुन्। सोमबार राष्ट्रपति ट्रम्पले अमेरिकाले गर्दै आएका सहयोग प्रयोजनविपरीत प्रयोग भएको बताएका छन्। उनले अमेरिकाले सहयोग गर्नु आवश्यक नभएको बताउँदै सहायता रकम रोक्ने आफ्नो निर्णय अमेरिकाको हितमा रहेको दाबी गरेका छन्।

ह्वाइट हाउसमा भएको पत्रकार सम्मेलनमा राष्ट्रपति ट्रम्पले नेपालको प्रसंगमा समेत नेपालमा गरिएको सहयोग दुरुपयोग भएको धारणा राखेका छन्। उनले खासगरी नेपाललाई संघीयताका लागि गरिएको सहयोगको प्रसंग झिक्दै त्यो सहयोग ठगी भएको टिप्पणी गरेका छन्। 'नेपाललाई २० मिलियन डलर संघीयताका लागि दिइएको छ, यो सरासर ठगी हो। पत्रकार सम्मेलनमा राष्ट्रपति ट्रम्पले भने। उनले नेपाललाई १९ मिलियन डलर जैविक विविधता



संरक्षणका लागि अमेरिकाले दिएको समेत बताए। उनले लामो आफ्नो भाषणका क्रममा लिखित दस्तावेजसहित नेपाल प्रसंग झिक्दै नेपाललाई गरिएको सहयोगलाई ठगीको उपमा दिए।

राष्ट्रपति जो बाइडेनको कार्यकालमा अमेरिकी सहयोग रकमको दुरुपयोग र अनावश्यक रूपमा देशको ढुकुटी बाँडेर दुरुपयोग गरेको विषयलाई बाहिर ल्याउने क्रममा राष्ट्रपति ट्रम्पले आफ्ना धारणाहरू सार्वजनिक गर्दै आएका छन्। यसअघि पनि धर्म निरपेक्षताका लागि अमेरिकी सहयोग नेपाल गएको भनी एक अमेरिकी सिनेटरले धारणा नै सार्वजनिक गरेपछि त्यसको व्यापक आलोचना र नेपालमा समेत अमेरिकी सहयोग के- कस्ता कार्यक्रमहरूमा प्रयोग भइरहेको छ भनी त्यसले जनचासो बढाएको थियो।

अमेरिका फस्ट नीतिअन्तर्गत राष्ट्रपति ट्रम्पले दोस्रो कार्यकालका लागि पद वहाली गरे लगत्तैं कर प्रणालीदेखि आप्रवासनसँग जोडिएका विषयहरूमा कार्यकारी आदेश जारी गरेका छन्।

राष्ट्रपतिको कार्यकारी आदेश र उनले लिएका नीतिलाई सही साबित गर्न प्रशासनिक निकायहरू पनि सक्रियतापूर्वक लागेका छन्। ट्रम्पले कार्यकारी आदेश जारी गर्दै विश्वभर अमेरिकाले दिँदै आएको सहायता रोक्ने निर्णय गरेका थिए। जसका कारण विश्वभर अमेरिकी सहयोगमा सञ्चालिता विभिन्न साना तथा ठूला परियोजना र कार्यक्रमहरू प्रभावित भएका छन्।

ट्रम्प प्रशासनले युनाइटेड स्टेट्स एजेन्सी फर इन्टरनेसनल डेभलपमेन्ट (यूएसएड) र मिलिनियम च्यालेन्ज कर्पोरेसन(एमसीसी) अन्तर्गतका परियोजना र कार्यक्रमहरूसमेत बन्द गराएको छ। जसबाट नेपालसमेत प्रभावित बनेको छ। यूएसएड नेपालमा विगत ७० वर्षदेखि कार्यरत छ। सन् २०२३ देखि २०२९ सम्मका लागि यूएसएआईडीले नेपालमा धेरै कार्यक्रमहरू अघि बढाउने गरी सम्झौता गरेको थियो। सरकार र यूएसएडका बीच भएको सम्झौताअनुसार कुल ६६ करोड अमेरिकी डलर (करिब ९१ अर्ब रुपैयाँ) बराबरका कार्यक्रम सञ्चालनमा थिए।

» बाँकी पृष्ठ ६

## 'केआईआईटीले बोलाए पनि जान सक्ने अवस्थामा छैन'

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

भारतको ओडिसा राज्यस्थित कालिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी(केआईआईटी)बाट फिर्ता आएका विद्यार्थीहरू सुरक्षाको सुनिश्चिता नगरेसम्म जान नसक्ने बताउँछन्। विश्वविद्यालय प्रशासनले फिर्ता आउनका लागि विद्यार्थी, अभिभावकलाई फोन गरेर र चिठी लेखेर बोलाए पनि उनीहरू घटना सम्झिएर तत्काल जान नसक्ने बताउँछन्। हरेक नेपाली विद्यार्थी अहिले मानसिक त्रासमा रहेको उनीहरू बताउँछन्।

उनीहरू फेब्रुअरी २८ बाट हुने परीक्षा सार्न पनि कलेज प्रशासनसँग माग गरेका छन्। कुटपिट गर्ने सेक्युरिटी गार्ड, बाउन्सर, दुर्व्यवहार गर्ने बार्डेनलगायत कारबाही नगरेसम्म कुनै पनि हालतमा फिर्ता हुन नसक्ने उनीहरूको तर्क छ।

» बाँकी पृष्ठ ६




## कांग्रेसले किन भन्दै छ, संघ र प्रदेशपछि मात्रै स्थानीय चुनाव ?

**राधा खनाल** | *काठमाडौं*

यति बेला नेपाली कांग्रेसभित्र तहगत निर्वाचन पद्धतिबारे बहस सुरु भएको छ। पछिल्लो समय गत शुक्रबारमात्र पार्टी सभापति शेरबहादुर देउवा निवासमा बसेको पदाधिकारी बैठकमा पनि छलफल भएको थियो।

कांग्रेसभित्र राजनीति संस्कार बसाल्नका लागि भन्दै स्थानीय तहको निर्वाचन संघ तथा प्रदेशको भन्दा पछि गर्नुपर्ने विषयमा बहस भइरहेको छ। पछिल्लो समय हुने केन्द्रीय समितिका बैठक र संसदीय दलका बैठकमा पनि यो विषय प्रवेश भएको छ। अहिलेको गठबन्धनको सरकारमा एकातिर संविधान संशोधनको मुद्दा छ भने अर्कोतिर कांग्रेसको संघ र प्रदेशको निर्वाचनपछि मात्र स्थानीय तहको निर्वाचन हुनुपर्छ भन्ने बहस तातेको छ।

कांग्रेसमा नेताहरू जनतासँग जोडिएको तल्ला तहका नेता-कार्यकर्ता परिचालन नहुँदा माथिल्ला निकायका निर्वाचनको नतिजा दल अनुकूल नहुने तर्क राख्दै आएका छन्। दलहरूलाई समानुपातिकमा भोट कम आउने जस्ता समस्या सबै पार्टीका साझा समस्या भएको बताउँछन्। त्यसैले पनि पहिले संघ, प्रदेश र अन्त्यमा स्थानीय तहको निर्वाचन हुनुपर्ने विषय छलफलको एजेन्डा बनिरहेको छ।

साथै, संघमा एउटा दलले जित्ने र स्थानीय तहमा अर्को दलले जित्ने हुँदा विकास र कानुन निर्माणमा समन्वयको अभाव हुने भएकाले पनि अन्तिममा स्थानीय तहको निर्वाचन गरिनुपर्ने धारणा कांग्रेस नेताहरूले अघि सारेका छन्।

कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले स्थानीयभन्दा संघको निर्वाचन पहिला गर्नुपर्ने विषय संसदीय दलको बैठकहरूमा पनि



छलफल हुँदै आएको बताएका छन्। उनले भने, 'आगामी निर्वाचन स्थानीय तहको निर्वाचनभन्दा अगाडि आमनिर्वाचन गर्ने व्यवस्था मिलाउन सांसदहरूले जोडदार माग उठाइरहनु भएको छ। यद्यपि पार्टीभित्र छलफलकै चरणमा छौं।' स्थानीय तह निर्वाचनको समय संघको भन्दा पछि गर्दा पार्टीहरूले प्राप्त गर्ने मत परिणाममा सकारात्मक असर गर्ने कांग्रेस नेताहरूको दाबी छ।

कांग्रेस नेता डा. नारायण खड्का भन्छन्, 'संघमा एउटा पार्टीले जितेको हुन्छ, प्रदेश र स्थानीय तहमा अर्कै पार्टीले जित्छ यस्तो परिपाटीले काम गर्नै समस्या भइरहेको छ। स्थानीय तहमा जितेकाले प्रदेश र संघकालाई नगन्ने। दुईबीच सहकार्य नै हुन नसके जस्तो देखिन्छ। स्थानीयतहका साथीहरू यति हाबी छन् कि उनीहरूले जिल्ला समन्वय समिति, प्रदेश अझै संघकै साथीहरूलाई गन्दैनन्। यस्तो परिपाटीको अन्त्य हुनुपर्छ भन्ने हाम्रो कुरा हो।'

» बाँकी पृष्ठ ६